# राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission, Nepal
केन्द्रीय कार्यालय Central Office
हरिहर भवन, पुल्चोक, ललितपुर, Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal

## प्रेस-विज्ञप्ति

४ असार, २०७८

### बाढी, पहिरो तथा डुबान पीडितहरुको उद्धार, राहत, स्वास्थ्योपचार तथा बसोबासको व्यवस्था मिलाउन आग्रह ।

गत आइतबारदेखि परिरहेको अविरल वर्षाका कारण बाढी, पहिरो एवम् डुबानमा परी सिन्धुपाल्चोक, बाजुरा, डोटी, कास्की, बागलुङ, मनाङ, पर्वत, पाल्पा, अर्घाखाँची, चितवन, नवलपरासी, लगायतका विभिन्न जिल्लाहरुमा ८ जनाको मृत्यु भएको, १८ जना बेपत्ता भएका, १२ व्यक्ति घाइते भएका एवम् सयौं परिवार घरबारबिहीन भएको अवस्थाप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएको छ । यस प्राकृतिक विपद्बाट हुन गएको जनधनको क्षतिप्रति आयोग गहिरो दुःख व्यक्त गर्दछ ।

आयोगका केन्द्रीय, प्रदेश तथा प्रदेश शाखा कार्यालयहरुबाट पीडितहरुको अवस्था, राहत, उद्धार तथा स्वास्थ्य उपचारका सम्बन्धमा अनुगमन भइरहेको छ । आयोगले प्राकृतिक विपद्का कारण हाल भइरहेको धनजनको क्षति, पीडितहरुको उद्धार एवम् राहतको पुर्व तयारी लगायतका सम्बन्धमा नेपाल सरकारबाट भइरहेका कार्यहरुको जानकारी गराउन गृह मन्त्रालयलाई पत्राचार गरेको छ ।

सिन्धुपाल्चोकको हेलम्बुमा मंगलबार बेलुका आएको बाढी र पहिरोमा परी चार जना बेपत्ता भएको, सिन्धुपाल्चोकको हेलम्बु, मेलम्ची बजार क्षेत्रका करिब ४ वटा पुलहरु बगाउँदा यातायात सम्पर्क विच्छेद भएको अनुगमनको क्रममा बुझिएको छ । त्यसैगरी म्याग्दी, बागलुङ, पाल्पा, गोरखा लगायतका जिल्लाहरुमा बाढी पहिरोका कारण यातायात अबरुद्ध भएको, पर्वत, लमजुङ, मनाङ, नवलपरासी लगायतका जिल्लामा सयौं परिवार बाढी, पहिरो र डुबानको जोखिममा रहेको आयोगलाई जानकारी प्राप्त भएको छ ।

अतः प्राकृतिक विपत्तिबाट हुन सक्ने क्षतिलाई न्यूनीकरण गर्न, बाढी, पहिरो तथा डुबानबाट वर्षेनी सयौं नागरिकहरुले ज्यान गुमाउनु परिरहेको एवम् हजारौं परिवार घरबारविहीन हुनुपरिरहेको यथार्थलाई दृष्टिगत गरी विकास निर्माणका कार्यलाई मानव अधिकारमैत्री बनाउन, प्राकृतिक विपद्को रोकथाममा पूर्वतयारी अपनाउन, पीडितहरुको तत्काल उद्धार, राहत, स्वास्थ्योपचार तथा बसोबासको व्यवस्था मिलाउन आयोग नेपाल सरकारलाई आग्रह गर्दछ । साथै, यस विपद्को घडीमा मानवीय सहयोगको उच्चतम भावनाका साथ उद्धार, राहत तथा पुनर्स्थापनाका लागि जुट्न आयोग सम्बद्ध सबै पक्षलाई आग्रह गर्दछ ।

..............................

डा. टीकाराम पोखरेल

सहसचिव/प्रवक्ता

फोन नं. ५०१००१५, फ्याक्स नं. ००९७७-१-५५४७९७३ पो.ब.नं. ९१८२ काठमाण्डौ, नेपाल
Phone: +977 1 5010015 Fax: +977 1 5547973, G.P.O. Box: 9182, Kathmandu, Nepal
अडियो नोटिस बोर्ड सर्भिस नं. १६१८-०१-५०१००१५ *Audio Notice Board Service Number 1618 01 5010015*
Email: nhrc@nhrcnepal.org Website: www.nhrcnepal.org